# सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०८१

**प्रस्तावना :** आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि सूर्योदय नगरपालिका, इलामको सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सूर्योदय नगरपालिका, इलामको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन मिति २०८१ साल श्रावण १ गते बाट प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०८१/८२ मा नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लिखित बजेट उपशीर्षकहरुको रकम १,१०,७५,२४,५०० (अक्षेरुपी रुपैयाँ एक अर्ब दश करोड पचहत्तर लाख चौबिस हजार पाँच सय मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वित्तीय हस्तान्तरणबाट संचित कोषमा प्राप्त हुने अनुदानमा थप वा घट भई वा यस ऐन बमोजिम कार्यक्रम संशोधन भई वार्षिक बजेट रकम थप वा घट हुन गएमा सोही बमोजिमको रकम संचित कोषबाट खर्च गर्न वाधा पर्ने छैन ।

**३. विनियोजन :** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२ को निमित्त सूर्योदय नगरपालिका, इलामको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा प्रविष्ट भए बमोजिमका सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै खर्च शीर्षकमा बचत हुने र कुनै खर्च शीर्षकमा अपुग हुने भएमा नगर कार्यपालिकाले बचत हुने खर्च शीर्षकबाट अपुग हुने खर्च शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा अपुग हुने शीर्षकमा विनियोजन भएको रकमको पच्चिस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी खर्च शीर्षकबाट अर्को एक वा एकभन्दा बढी खर्च शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

तर,

(क) पूँजीगत खर्च शीर्षकबाट चालू खर्च शीर्षकमा रकम सार्न सकिने छैन ।

(ख) चालु खर्चबाट पूँजीगत खर्च गर्न तथा पूँजीगत खर्च व्यहोर्न एक शीर्षकबाट अर्को शीर्षकमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिम पच्चिस प्रतिशतभन्दा बढी रकम कुनै एक शीर्षकबाट अर्को शीर्षकमा सार्नुपर्ने भएमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि खर्च शिर्षक नं. २८९११ र ३१५११ मा विनियोजन भएको रकम जुन शिर्षकमा निकासा र खर्च हुने हो सोही शिर्षकमा सार्न तथा निकासा गर्न र खर्च जनाउन वाधा पर्ने छैन ।

(६) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनका लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(७) सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा समावेश भएको कुनै खर्च शीर्षकमा एकमुष्ठ समावेश भएको रकम खण्डीकरण गरी विभिन्न कार्यक्रममा खर्च गर्नको लागि नगर कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ।

**४. अख्तियारी:** (१) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्न यो ऐन स्वीकृत भएको मितिले सात दिनभित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले उपदफा (१) बमोजिम अख्तियारी प्राप्त गरेको मितिले पन्ध्र दिनभित्र विषयगत शाखा प्रमुख वा वडा सचिवलाई रकम खर्च गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अख्तियारी प्रदान गर्न विषयगत शाखा वा वडा कार्यालयमा कम्तीमा अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन सम्बन्धी कर्मचारीको दरबन्दी रही पदपूर्ति भएको हुनुपर्नेछ।

**५. कार्यविधि तथा मापदण्ड बनाउन सक्ने:** (१) यस ऐनबमोजिम सूर्योदय नगरपालिकाको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको योजना वा कार्यक्रम कार्यान्वयन गर्नका लागि नगर कार्यपालिकाले कार्यक्रम कार्यान्वयन निर्देशिका र आवश्यक कार्यविधि तथा मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ।

(२) प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्ष शुरु भएको पन्ध्र दिनभित्र उपदफा (१) बमोजिमको कार्यक्रम कार्यान्वयन निर्देशिकाको मस्यौदा तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मस्यौदा तयार गर्दा विषयगत शाखा, वडा कार्यालय वा कार्यक्रम कार्यान्वयन गर्ने निकायसँग परामर्श लिन सकिनेछ।

(४) उपदफा (१) बमोजिमको निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

**६. बाधा अड्काउ फुकाउन सक्ने** : यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

## अनुसूची १
## दफा २ को उपदफा (१) सँग सम्बन्धित
## सञ्चित कोषबाट विनियोजन हुने रकम

आ.व.: २०८१/८२

रकम रु. हजारमा

| बजेट उपशीर्षक नं | शीर्षक | विनियोजन | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | |
| ८०१०३४०४१११ | नगर कार्यपालिकाको कार्यालय | १४१००० | १४१००० | ० | ० | ० | ० |
| ८०१०३४०४२०१ | सूर्योदय नगरपालिकावडा नं.१ | ७३०४ | ४३०४ | ३००० | ० | ० | ० |
| ८०१०३४०४२०२ | सूर्योदय नगरपालिकावडा नं.२ | ९०८१ | ४०८१ | ५००० | ० | ० | ० |
| ८०१०३४०४२०३ | सूर्योदय नगरपालिकावडा नं.३ | ८८७० | ३६७० | ५००० | २०० | ० | ० |
| ८०१०३४०४२०४ | सूर्योदय नगरपालिकावडा नं.४ | ९७९८ | ४५९८ | ५००० | २०० | ० | ० |
| ८०१०३४०४२०५ | सूर्योदय नगरपालिकावडा नं.५ | ८८५५ | ३८५५ | ५००० | ० | ० | ० |
| ८०१०३४०४२०६ | सूर्योदय नगरपालिकावडा नं.६ | ७९८९ | २९८९ | ५००० | ० | ० | ० |
| ८०१०३४०४२०७ | सूर्योदय नगरपालिकावडा नं.७ | ७८३१ | २८३१ | ५००० | ० | ० | ० |

| बजेट उपशीर्षक नं | शीर्षक | विनियोजन | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | |
| ८०१०३४०४२०८ | सूर्योदय नगरपालिकावडा नं.८ | ९८८१ | ४२६० | ५१२१ | ५०० | ० | ० |
| ८०१०३४०४२०९ | सूर्योदय नगरपालिकावडा नं.९ | ९५३५ | ४५३५ | ५००० | ० | ० | ० |
| ८०१०३४०४२१० | सूर्योदय नगरपालिकावडा नं.१० | १०१९८ | ५१९८ | ५००० | ० | ० | ० |
| ८०१०३४०४२११ | सूर्योदय नगरपालिकावडा नं.११ | ९२८९ | ४०५० | ५००० | २३९ | ० | ० |
| ८०१०३४०४२१२ | सूर्योदय नगरपालिकावडा नं.१२ | ८११६ | ३११६ | ५००० | ० | ० | ० |
| ८०१०३४०४२१३ | सूर्योदय नगरपालिकावडा नं.१३ | ७७९३ | २७९३ | ५००० | ० | ० | ० |
| ८०१०३४०४२१४ | सूर्योदय नगरपालिकावडा नं.१४ | ८५४५ | ३५४५ | ५००० | ० | ० | ० |
| ८०१०३४०४३११ | कृषि तथा खाद्य सुरक्षा | १३२५० | १३२५० | ० | ० | ० | ० |
| ८०१०३४०४३१२ | पशुपंक्षी विकास | १०११६ | १०११६ | ० | ० | ० | ० |
| ८०१०३४०४३१३ | सिंचाई | ७७४५ | २७१६ | ४०६९ | ९६० | ० | ० |
| ८०१०३४०४३१४ | उद्योग, व्यापार, व्यवसाय | ३३६५ | ३३६५ | ० | ० | ० | ० |
| ८०१०३४०४३१५ | पर्यटन तथा संस्कृति | २९४१० | १०९१० | १८५०० | ० | ० | ० |
| ८०१०३४०४३१६ | भुमी व्यवस्था, सहकारी र वित्तीय व्यवस्था | ८०० | ६५० | १५०. | ० | ० | ० |
| ८०१०३४०४३१७ | श्रम तथा रोजगारी | ११९९५ | ११९९५ | ० | ० | ० | ० |
| ८०१०३४०४३१८ | गरिवी निवारण | ४०० | ४०० | ० | ० | ० | ० |
| ८०१०३४०४३२१ | जनस्वास्थ्य तथा पोषण | २५५८० | १९६५० | ५७८० | १५० | ० | ० |
| ८०१०३४०४३२२ | शिक्षा, कला, भाषा तथा संस्कृति | ३७८३० | ३७८३० | ० | ० | ० | ० |
| ८०१०३४०४३२३ | खानेपानी तथा सरसफाई | ४८०० | ४८०० | ० | ० | ० | ० |
| ८०१०३४०४३२४ | महिला, वालवालिका, सामाजिक संरक्षण र समावेशीकरण | ७९०० | ७९०० | ० | ० | ० | ० |
| ८०१०३४०४३२५ | युवा तथा खेलकुद | ६३०० | ६३०० | ० | ० | ० | ० |
| ८०१०३४०४३२६ | सामाजिक सुरक्षा तथा पञ्जिकरण | ११६८ | ११६८ | ० | ० | ० | ० |
| ८०१०३४०४३३१ | भवन, आवास, वस्ती तथा सहरी विकास | १७२३७ | ७२३७ | १०००० | ० | ० | ० |
| ८०१०३४०४३३२ | सडक, पुल तथा यातायात | ९०९७६ | ५७९७६ | ३३००० | ० | ० | ० |
| ८०१०३४०४३३३ | जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | ५००. | ५००. | ० | ० | ० | ० |
| ८०१०३४०४३३४ | सूचना तथा सञ्चार प्रविधि | ५०५० | ५०५० | ० | ० | ० | ० |
| ८०१०३४०४३४१ | वन, भू-संरक्षण तथा जैविक विविधता | १००० | १००० | ० | ० | ० | ० |
| ८०१०३४०४३४२ | वातावरण तथा फोहोरमैला व्यवस्थापन | १२६०० | ६९०० | ५७०० | ० | ० | ० |
| ८०१०३४०४३४३ | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन | ८६०० | ११५० | ० | ७४५० | ० | ० |
| ८०१०३४०४३५१ | नीति, कानून, न्याय तथा सुशासन | ३२०० | ३२०० | ० | ० | ० | ० |
| ८०१०३४०४३५२ | संगठन विकास, मानव संशासन र क्षमता विकास | ४६०० | ४६०० | ० | ० | ० | ० |
| ८०१०३४०४३५३ | राजश्व तथा स्रोत परिचालन | १५०० | १५०० | ० | ० | ० | ० |
| ८०१०३४०४३५४ | तथ्यांक, योजना तथा विकास व्यवस्थापन | ४७५० | ४७५० | ० | ० | ० | ० |
| ८०१०३४०४५११ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | ४४९७११.५ | ० | ४४९७११.५ | ० | ० | ० |

| बजेट उपशीर्षक नं | शीर्षक | विनियोजन | स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण |
| | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | |
| ८०१०३४०४५१२ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (विषेश अनुदान) | ११००० | ० | ११००० | ० | ० | ० |
| ८०१०३४०४५१३ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम(समपुरक अनुदान) | २६००० | ० | २६००० | ० | ० | ० |
| ८०१०३४०४५२१ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) | २१०६५ | ० | ० | २१०६५ | ० | ० |
| ८०१०३४०४५२३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान) | २३००० | १०००० | ० | १३००० | ० | ० |
| ८०१०३४०४९२४ | अपांगता पुनर्स्थापना कार्यक्रम | १९९१ | १४९३ | ८० | ४१८ | ० | ० |
| | कूल जम्मा | ११०७५२४.५ | ४३१२३१. | ६३२१११.५ | ४४१८२ | ० | ० |

कूल जम्मा : अक्षरेपी एक अर्व  दश करोड पचहत्तर लाख चौविस हजार पाँच सय मात्र ।